## नीति जेआइसिसि – बसमा बिद्यार्थीको ब्यबहार (१२१४ एफ)

नीति जेआइसिसि-आर र इइएइसि हेर्नुहोस्, बसमा विद्यार्थीको व्यबहार

परिमार्जित: अक्टुबर १५, २००९

क्रस सन्दर्भ: जेआइसिसि-आर, बसमा विद्यार्थीको व्यवहार

जेके र जेके-आर, बिद्यार्थी अनुशासन

इइएइसि बसमा बिद्यार्थीको ब्यवहार

करार सन्दर्भ: एटियु सहमति, धारा–१६–बिद्यालय स्टाफ र बस सञ्चालक सम्बन्ध

१. विद्यालयको आधिकारिक अधिकृतले बिशेष अनुमति नदिएसम्म कुनै निर्दिष्ट रुट वा भ्रमणका लागि तोकिएका बिद्यार्थीहरू र बिद्यालय कर्मचारीले मात्र बिद्यालय बस चढ्न पाउँछन् ।

२. बस बिसौनी वा चढ्ने ठाउँमा हुँदा बिद्यार्थीहरूले

क) उपयुक्त ढङ्गले ब्यबहार गर्नुपर्छ

ख) फोहोर छर्नु हुँदैन

ग) बाटो बाहिर बस्नु पर्छ

घ) छेउछाउका निजी सम्पत्तिको अधिकारलाई आदर गर्नुपर्छ

३. बस चढ्ने बित्तिकै आफ्नो सिटमा बस्नु पर्दछ। कुनै पनि सिट रोकेर राख्नु (रिर्जभ गर्नु) हुँदैन। बस चालक वा सहयोगीले कुनै सिट दिए वा देखाए भने बिद्यार्थीले सोही सिटमा बस्नु पर्दछ। बस गुडिरहँदा बिद्यार्थीहरू सिटमै बसिरहनु पर्दछ।

४. बस चालक वा सहयोगीले नभने सम्म बिद्यार्थीहरूले बसको झ्याल वा आपतकालीन ढोका खोल्नुहुँदैन। बिद्यार्थीहरूले आफ्ना टाउको र हातहरू बसभित्रै राख्नु पर्छ।

५. बस यात्री भएका बेला बिद्यार्थीले निम्न कुरा गर्नु हुँदैन:

क) धुम्रपान (राज्यको नियम)

ख) कुनै वस्तु फ्याक्नु

ग) चालकलाई बाधा गर्नु

घ) फोहोर छर्नु वा फ्याक्नु

ङ) ठूलो वा अनावश्यक आवाज निकाल्नु

च) खानेकुरा खानु वा पेय पदार्थ पिउनु

छ) अरू सहयात्रीहरूलाई स्वास्थ्य र सुरक्षामा खतरा उत्पन्न हुने गरी सरसामानहरू बोक्नु

६. बसको कुनै भाग वा सिट बिग्रेमा वा क्षति भएमा बस चालक वा सहयोगीहरूलाई सूचीत गर्न बिद्यार्थीहरूलाई प्रोत्साहित गरिन्छ।

७. बसबाट ओर्लने बिद्यार्थीहरूले कहिल्यै बस पछाडिबाट हिँड्नु हुँदैन। बाटो काट्नका लागि सबै ट्राफिक नियन्त्रणहरूको पालना बिद्यार्थीहरूले गर्नुपर्दछ। यदि बिद्यार्थीलाई बस अगाडिबाट बाटो काट्नु परे बसबाट कम्तिमा १० फिटको दूरी कायम गर्नुपर्दछ।

८. अनुरोध गरिएको खण्डमा निम्न-माध्यमिक र माध्यमिक विद्यालयका बिद्यार्थीहरूले बस चढ्ने अनुमतिका लागि हरेक बिद्यालयबाट प्रदान गरिएको उपयुक्त पहिचान पत्र देखाउनुपर्नेछ।

यदि कुनै बिद्यार्थीले माथिका कुनै पनि नियमहरू पालना नगरेमा, बस चालक वा सहयोगीले बिद्यालय प्रिन्सिपल वा सहयोगीलाई जानकारी गराउनेछन् जुन उनीहरूको जिम्मेवारी भित्र पर्दछ।

नीति जेके र जेके-आर (बिद्यार्थी अनुशासन) ले बिद्यालय बसमा, डिस्ट्रिक्ट बाहनहरूमा वा डिस्ट्रिक्टले प्रयोग गरेको कुनै पनि यातायात प्रदायकको यातायातमा बिद्यार्थीहरूद्वारा गरिएको दुव्यवहार सम्बन्धित अनुशासनलाई नियन्त्रित गर्नेछन्।

बर्तमान अभ्यास कोड गरिएको १९९३

परिमार्जित, अक्टुबर १५, २००९